Nepali | नेपाली

**आवश्यक सामग्रीहरू प्याक गरेर**

# आपत्कालीन अवस्थाको लागि तयार रहनुहोस्

## जीवन बचाउने योजना

**घरको आपत्कालीन सामाग्री (किट)**

**घरको आपत्कालीन किट राख्नाले तपाई कुनै पनि आपत्कालीन अवस्थाका लागि तयार हुनुहुन्छ भनी सुनिश्चित गर्छ।**

घरको आपत्कालीन किट भनेको आपत्कालीन अवधिमा र आपत्कालीन अवस्था पछि जीवन बचाउने एउटा महत्त्वपूर्ण तत्व हो। तपाईंलाई चाहिने समानहरूको सूची बनाउनका लागि तपाईंको परिवार वा तपाईंको व्यक्तिगत सहायता सञ्जालसँग भेटघाट गर्नुहोस्। संभवत: तपाईंसँग धेरै आवश्यक वस्तुहरू तपाईंको घरमै छन्।

**तपाईंको किट पूरा नभएसम्म यस कामलाग्ने जाँचसूची (चेकलिस्ट) लाई फ्रिजमा राख्नुहोस्!**

## सुझाव गरिएका जीवन बचाउने समानहरू:

### ☐ बत्ती



**सुझाव!**

- टर्चमा ब्याट्रीहरू नराख्नुहोस् र तिनीहरूलाई हरक छ महिनामा जाँच गर्नुहोस्।
- बटारेर बाल्ने टर्चहरू राख्ने विचार गर्नुहोस् जसका लागि ब्याट्रीहरू आवश्यक पर्दैनन्।

### ☐ नगद



**TIP!**

- कुनै पनि आपत्कालीन अवस्थाको प्रारम्भिक चरणहरूमा ए.टी.एम.हरू र बैंकहरू सञ्चालन नहुन सक्छन्।
- केही नगद राख्नाले आधारभूत र जरूरी आवश्यकताहरू पूरा गर्न मद्दत मिल्छ।

### ☐ पानी



**TIP!**

- अधिकारीहरूले पानी पिउन सुरक्षित छ भनेर सल्लाह नदिएसम्म आपत्कालीन अवस्था पछि धाराको पानी कहिल्यै पनि नपिउनुहोस्।
- पानीलाई 12 महिनासम्म हावा नपस्ने भाँडाहरूमा भण्डार गर्न सकिन्छ। पानी पछिल्लो पटक कहिले परिवर्तन गरियो भनेर नामपत्र लगाउनुहोस्।

### ☐ रेडियो (ब्याट्रीबाट चल्ने)



**TIP!**

- आपत्कालीन अवस्थामा प्राय: रडियो नै जानकारीको लागि उत्तम स्रोत रहन्छ।
- तपाईंको स्थानीय रडियो र अन्य स्थानीय सेवाहरूको फ्रिक्वेन्सीहरू टिपेर राख्नुहोस्।
- ब्याट्रीबाट-संचालित र बिजुलीमा भर नपर्ने रडियो चयन गर्नुहोस्।

क्यानबेरालाई सुरक्षित राख्न ACT एम्बुलेन्स सेवा, ACT अग्नि तथा उद्धार, ACT ग्रामीण अग्नि सेवा र ACT राज्य आपतकालीन सेवाले ACT आपतकालीन सेवा एजेन्सीको रूपमा मिलेर काम गर्छन्।

## ☐ प्राथमिक उपचारको किट



**TIP!**

- घरको वा गाडीको लागि प्राथमिक उपचारको किट खरीद गर्नुका साथै, प्राथमिक उपचारको तालिम लिनु पनि एउटा राम्रो विचार हो।

## ☐ सुरक्षात्मक कपडा / कम्बलहरू



**TIP!**

- लामा बाहुला भएका लुगाहरू र प्राकृतिक फाइबरबाट बनेका प्यान्ट राख्ने विचार गर्नुहोस् र मौसमहरू याद राख्नुहोस्।
- मजबूत जुत्ता वा बुटहरू र उच्च सुरक्षा दिने (हेभी-ड्युटी) पन्जाहरू प्याक गर्ने प्रयास गर्नुहोस्।
- सनस्क्रीन, कीराहरू भगाउने क्रिम, र टाउको घाँटी सबै ढाक्ने टोपी राख्न याद गर्नुहोस्।

## ☐ विशेष चिकित्सकीय आपूर्तिहरू वा उपकरण



**TIP!**


- कुन औषधीहरू वा आपूर्ति तपाईंलाई आवश्यक पर्न सक्छन् भनेर विचार गर्नुहोस् र ती समावेश गर्नुहोस्
- तिनीहरूको नाम, खुराक र तपाईंका प्रेस्क्रिप्शनका प्रतिलिपिहरू राखेर एउटा सूची बनाउनुहोस्।

**तपाईंको औषधी लैजानुहोस्**

तपाईंको घरको आपत्कालीन किट प्याक गर्दा चिकित्सकीय आवश्यकताहरू सबैका लागि विचार गर्नुपर्ने महत्त्वपूर्ण कुराहरू हुन्।

तपाईंलाई चाहिन सक्ने कुनै पनि औषधीहरू 14 दिनलाई पुग्ने गरि राख्ने योजना बनाउनुहोस्।

## ☐ चार्जरहरू



**TIP!**

- तपाईंको फोनको लागि चार्जर वा चार्ज गरिएको ब्याट्रीको प्याक राख्नुहोस्।
- साथै एउटा पुरानो ल्याण्डलाइन फोन राख्ने विचार गर्नुहोस् जुन बिजुलीमा निर्भर हुँदैन – बत्ती जाँदा पनि तपाईंको टेलिफोन आदानप्रदान चालु रहन सक्छ।

## ☐ जिउको सरसफाई गर्ने सामाग्री (टोइलेट्री) हरू



**TIP!**

- टोइलेट्रीहरू राख्दा तपाईंलाई स्फूर्त रहन मद्दत मिल्छ र तपाईंलाई नियमित तालिका भएको महसुस गराउन मद्दत गर्छ – तपाईं साफ-सफाई रहन वा नुहाउन असमर्थ हुनुहुँदा पनि।

## ☐ खाना



**TIP!**

- नाबालक बच्चाहरू, बच्चाबच्चीहरू र घरपालुवा जनावरहरू सहित तपाईंका परिवारका सबैका आवश्यकताहरूलाई याद राख्नुहोस्।
- यदि घरमा नै बस्नुहुन्छ भने, तपाईंलाई लामो समयसम्म नबिग्रिने सामानहरू चाहिन्छन् जुन तयार गर्न सजिलो हुन्छ।

## ☐ घरपालुवा जनावरहरूका आवश्यकहरू



**TIP!**

- तपाईंका घरपालुवा जनावरहरूलाई पानी चाहिन्छ भन्ने कुरा याद राख्नुहोस्, र तपाईंको कुकुर वा बिरालो पंजीकृत र माइक्रोचिप गरिएका छन् भनी सुनिश्चित गर्नुहोस्।

☑ तपाईंलाई चाहिने अधिकांश सामानहरू सुपरमार्केट वा हार्डवेयर पसलमा पाइनेछन्।
☑ तपाईंसँग पहिले नै घरमै उपयोगी वस्तुहरू हुन सक्छन् भनेर याद राख्नुहोस्, जस्तै क्यम्पिंगका उपकरणहरू।

# सुझाव गरिएका पुनः प्राप्तिका सामानहरू:

## ☐ महत्त्वपूर्ण कागजातहरूको स्क्यान वा प्रतिलिपिहरू



**TIP!**

- नियमित रूपमा यू.एस.बी.हरू वा भण्डारण गर्ने उपकरणहरू जाँच गर्नुहोस्।
- यदि आवश्यक भएमा पानी-रोधक वा आगो-रोधक डिब्बाको प्रयोग गर्नुहोस्।
- कागजातहरूका ब्याक-अप प्रतिलिपि घर भन्दा अन्त वैकल्पिक ठाउँमा भण्डारण गर्नु राम्रो उपाय हो, संभवतः कार्यस्थलका बन्द गरिएको घर्रामा, परिवारको एकजना सदस्यसँग, वा क्लाउडमा भण्डारण ग्रर।

**विचार गर्नु पर्ने महत्त्वपूर्ण कागजात:**

- ☐ पासपोर्टहरू
- ☐ इच्छापत्रहरू
- ☐ सवारी चालक अनुमतिपत्रहरू
- ☐ विवाह र जन्मदर्ताका प्रमाणपत्रहरू
- ☐ लालपुर्जाहरू
- ☐ धितोपत्रका कागजातहरू
- ☐ बीमाका कागजातहरू
- ☐ प्रेस्क्रिप्शनहरू
- ☐ चिकित्सकीय इतिहासहरू
- ☐ बच्चाको खोपको पुस्तकहरू

## ☐ तपाईंको जीवन बचाउने योजना



**TIP!**

- तपाईंको जीवन बचाउने योजनाको प्रतिलिपि राख्नुहोस्। तपाईंको योजनामा महत्त्वपूर्ण सम्पर्क जानकारी, चिकित्सकीय योजनाहरू र बीमाहरू समावेश हुनुपर्छ।

## ☐ मूल्यवान घरेलु वस्तुहरूका फोटोहरू



**TIP!**

- तपाईंको बीमा कम्पनीलाई सामानहरूको वर्णन गर्न आवश्यक परमा फोटोहरूले मद्दत गर्नेछन्।

## ☐ भिडियो र फोटोहरूका प्रतिलिपिहरू



**TIP!**

- तपाईंका भिडियोहरू र फोटोहरूको ब्याक-अप क्लाउडमा राखेर भौतिक स्थानको बचत हुन सक्छ र तपाईंले कुनै पनि समय / कहिँबाट पनि पहुँच गर्न सक्नुहुन्छ।

---

- ☑ बहुमूल्य वस्तुहरू जमिनको तह भन्दा अझ माथि राम्रोसँग भण्डार गरिएको सुनिश्चित गर्नुहोस्, वा पानी-रोधक डिब्बाहरू प्रयोग गर्नुहोस्।
- ☑ तपाईंका स्क्यान वा प्रतिलिपिहरू त्यस्तो तरिकाले भण्डार गर्नुहोस् ताकि तपाईं त्यहाँबाट जानु परेमा तिनीहरूलाई छिट्टो र सजिलै निकालेर लैजान सकियोस्।
- ☑ तपाईंका महत्त्वपूर्ण कागजातहरूका लागि दिइएको ध्यान तपाईंका व्यक्तिगत भिडियोहरू र फोटोहरूमा लागू गर्न सकिन्छ।
- ☑ यदि तपाईंले आफ्ना बहुमूल्य वस्तुहरू छिट्टो निकाल्नु परमा ती तपाईंको घरमा कहाँ भण्डारण गरिएका छन् भनेर टिप्नुहोस्।
- ☑ कुनै पनि महत्त्वपूर्ण घरलु सामानहरूको फोटो खिच्नुहोस्, विशेष गरी तिनीहरूको बीमा गरिएको छ भने। आपत्कालीन अवस्था पछि कुनै पनि बीमाका दावीहरूमा सहयोग पुर्‍याउन, तपाईंको किटमा प्रतिलिपिहरू राखेर फोटोहरूलाई एउटा सुरक्षित ठाउँमा भण्डार गर्नुहोस्

# तपाईंको जीवन बचाउने सामाग्री (किट) मा के छ?

प्रत्येक घर वा व्यक्तिको आपत्कालीन अवस्थामा जीवन बचाउने किट फरक हुन्छ। तपाईंको किटमा समावेश गर्ने सामानहरूका लागि यहाँ केही धारणाहरू छन्।

**तपाईंका आवश्यकताहरूलाई मेल खाने गरि तपाईंको किटलाई अनुकूलन गर्नुहोस्।**




ACT Government | ACT Emergency Services Agency

esa.act.gov.au/be-emergency-ready

चार सरल चरणहरू